# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, पुस १५ गते २०५३ साल (संख्या ३७

## भाग ३

### निर्वाचन आयोगको सूचना

खण्ड ४४, अतिरिक्ताङ्क २६, मिति २०५१।५।२२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना १ को खण्ड 'क' मा उल्लिखित सि.नं. ५ को संरक्षित निर्वाचन चिन्ह हँसिया, हथौडामुनि तारा संयुक्त जनमोर्चा, नेपाल नामक राजनैतिक दललाई प्रदान गरिएकोमा सो राजनैतिक दलले २०५१ सालको आम निर्वाचनमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) को शर्त बमोजिम तीन प्रतिशत मत प्राप्त गर्न नसकेको कारणले संरक्षित निर्वाचन चिन्हको समूहबाट झिक्ने र सोही सूचनाको खण्ड 'ख' मा उल्लिखित स्वतन्त्र निर्वाचन चिन्हको समूहमा समावेश गर्ने तथा उपरोक्त राजपत्रको सूचना २ को खण्ड 'क' को सि. नं. ५ मा उल्लेख भए बमोजिम संयुक्त जनमोर्चा नेपाल नामक राजनैतिक दलको निमित्त संरक्षित गरिएको निर्वाचन चिन्ह हँसिया, हथौडामुनि तारा खण्ड 'क' बाट झिक्ने र सोही सूचनाको खण्ड 'ख' मा समावेश गर्ने यस आयोबाट मिति २०५३।८।२७ मा निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

हिरण्यलाल रेग्मी

निर्वाचन आयोगको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

श्री ५ को सरकार

## शिक्षा मन्त्रालयको

## सूचना १

नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरू, २०५३

नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यी नियमहरूको नाम "नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरू २०५३" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ६ मा संशोधनः नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ६ को पहिलो हरफमा रहेका "कार्य क्षमताको मूल्याङ्कनद्वारा" भन्ने शब्दहरू झिकिएका छन् ।

६६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ११ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूचीहरूमा देहाय बमोजिम हेरफेर तथा थपघट गरेको छः–

१. मूल नियमावलीको अनुसूची–२ को सट्टा देहायको अनुसूची–२ राखिएको छः–

### अनुसूची–२
### नियम ४ को उपनियम (४) संग सम्बन्धित
### सेवा र सेवाका समूह तथा उप-समूहमा रहने पद नामहरू

| शिक्षा सेवा | (क) अध्यापन समूह | (ख) शिक्षा प्रशासन समूह | (ग) मुद्रण व्यवस्थापन समूह | (घ) कला समूह | (ङ) पुरातत्व समूह | (च) परीक्षण तथा मूल्याङ्कन समूह | (छ) पुस्तकाल विज्ञान समूह |
|---|---|---|---|---|---|---|---|
| १. विशिष्ट श्रेणीमा रहने पद<br><br>श्री ५ को सरकारले तोके बमोजिमको पद | (क) उच्च शिक्षा उप-समूह<br><br>१. रा.प. प्रथम श्रेणीमा रहने पद<br>प्राध्यापक<br><br>२. रा.प.द्वि. श्रेणीमा रहने पद<br>प्राध्यापक<br><br>३. रा.प. तृतीय श्रेणीमा रहने पद<br>– प्राध्यापक<br><br>(ख) माध्यमिक शिक्षा उपसमूह | १. रा.प. प्रथम श्रेणीमा रहने पद<br>सह-सचिव<br>निर्देशक<br>कार्यकारी निर्देशक<br>महानिर्देशक<br>नियन्त्रक<br>क्षेत्रीय शिक्षा निर्देशक<br><br>२. रा.प. द्वितीय श्रेणीमा रहने पद<br>उप-सचिव<br>उप-निर्देशक<br>उप-नियन्त्रक<br>–वरिष्ठ अनुसन्धान | (क) मुद्रण व्यवस्थापन उपसमूह<br><br>१. रा.प. द्वितीय श्रेणीमा रहने पद<br>– वरिष्ठ मुद्रण अधिकृत<br><br>२. रा.प. तृतीय श्रेणीमा रहने पद<br>प्रेस सुपरभाइजर<br>मुद्रण प्रवन्धक<br>– अफसेट प्रेस सुपरभाइजर<br>– लेटर प्रेस सुपरभाइजर<br>– मुद्रण अधिकृत | क) छविकला उपसमूह<br><br>१.रा.प.द्वितीय श्रेणीमा रहने पद<br>–प्रमुख छविकार<br>–वरिष्ठ छविकार<br><br>२. रा.प.तृतीय श्रेणीमा रहने पद<br>छविकार<br>–डार्करुम अधिकृत<br>रिप्रोग्राफर<br><br>३. रा.प.अनं. प्रथम श्रेणीमा रहने पद<br>–सहायक छविकार<br>क्यामेरा म्यान<br>माइको फिल्मिष्ट | १.रा.प.प्रथम श्रेणीमा रहने पद<br>महानिर्देशक<br>उप महानिर्देशक<br><br>२.रा.प.द्वितीय श्रेणीमा रहने पद<br>–प्रमुख अन्वेषण अधिकृत<br>–प्रमुख पुरातत्व अधिकृत<br>–प्रमुख अनुसन्धान अधिकृत<br>–प्रमुख अभिलेख अधिकृत<br>संग्रहालय प्रमुख | क) कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूह<br><br>१. रा.प. प्रथम श्रेणीमा रहने पद<br>–मुख्य मनोविज्ञानवेत्ता<br><br>२. रा.प.द्वितीय श्रेणीमा रहने पद<br>–वरिष्ठ मनोविज्ञानवेत्ता<br>पाठ्यक्रम विशेषज्ञ<br><br>३. रा.प. तृतीय श्रेणीमा रहने पद<br>पाठ्यक्रम विज्ञ<br>–मनोविज्ञानवेत्ता<br><br>ख) शैक्षिक मूल्याङ्कन तथा परीक्षण | १. रा.प. द्वितीय श्रेणीमा रहने पद<br>पुस्तकालय प्रमुख<br><br>२. रा.प. तृतीय श्रेणीमा रहने पद<br>पुस्तकालय अधिकृत<br>सारिणी अधिकृत<br>अनुक्रमणिकार<br>–डकुमेन्टेशन अफिसर<br>बिब्लियोग्राफर<br><br>३. रा.प.अनं. प्रथम श्रेणीमा रहने पद<br>पुस्लतकालय सहायक<br>संस्कृत सहायक<br>–सिफरेन्स तथा एक्वीजिशन सहायक |



533

533

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. रा.प.तृतीय श्रेणीमा रहने पद
अध्यापक
ग्याजेटेड सिभिल माष्टर

२. रा.प.अनं. प्रथम श्रेणीमा रहने पद
शिक्षक
सिभिल माष्टर

३. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद
शिक्षक
सिभिल माष्टर

४. रा.प.अनं. तृतीय श्रेणीमा रहने पद
शिक्षक

अधिकृत
– वरिष्ठ प्रशिक्षक
जिल्ला शिक्षा अधिकारी

३. रा.प.तृतीय
–श्रेणीमा रहने पद

क) अंग्रेजी उपसमूह
पाठ्यक्रम अधिकृत
तालीम अधिकृत
प्रशिक्षक
प्राविधिक अधिकृत

ख) नेपाली उपसमूह
पाठ्यक्रम अधिकृत
अनुवादक तथा संपादक

ग) संस्कृत उपसमूह
पाठ्यक्रम अधिकृत
–अनुसन्धान अधिकृत

घ) विज्ञान उपसमूह
पाठ्यक्रम अधिकृत
तालीम अधिकृत
प्रशिक्षक
प्राविधिक अधिकृत

ङ) गणित उपसमूह
पाठ्यक्रम अधिकृत
तालीम अधिकृत
प्रशिक्षक
प्राविधिक अधिकृत

३. रा.प. अनङ्कित प्रथम श्रेणीमा रहने पद
सिनियर फोटो टाइप सेटर
सिनियर अपसेट प्रेस म्यान, सिनियर मोनो टाइप अपरेटर
सिनियर प्लेट मेकर
सिनियर कम्पोजिटर
सिनियर बुकवाइण्डर
सहायक इष्टिमेटर
सिनियर प्रूफ रिडर
सिनियर प्रेस म्यान

४. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद
फोटो टाइप सेटर
प्रेस म्यान
अफसेट प्रेस म्यान
मोनोटाइप अपरेटर
फर्नेस अपरेटर
कम्पोजिटर
बुकबाइण्डर
प्रूफ रिडर
प्लेट मेकर

५. रा.प.अनं. तृतीय श्रेणीमा रहने पद
जुनियर प्रेस म्यान

रिप्रोग्राफर

४. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद
–डार्करुम असिष्टेण्ट
–सहायक फोटोग्राफर

ख) चित्रकला उपसमूह
१. रा.प.तृतीय श्रेणीमा रहने पद
–चित्रकला अधिकृत
आकृतिकार
काष्ठकला विद
चित्रकला विद
कला अधिकृत
–प्राविधिक अधिकृत
–सहायक दूर सम्वेदन अधिकृत

२. रा.प.अनं.प्रथम श्रेणीमा रहने पद
–धातु कला सहायक
–मूर्तिकला सहायक
प्रस्तर कला सहायक

क) पुरातत्व उपसमूह
१. रा.प. तृतीय श्रेणीमा रहने पद
–क्यूरियो जाँचपास अधिकृत
–पुरातत्व अधिकृत
सर्वेक्षण अधिकृत
–अनुसन्धान अधिकृत
अभिलेख अधिकृत
–उत्खनन अधिकृत
–एन्टिक्विटी कम पोटरी अफिसर
पथ प्रदर्शक
–पथ प्रदर्शन अधिकृत

२. रा.प.अनं. प्रथम श्रेणीमा रहने पद
अनुसन्धान सहायक
–सहायक पथ प्रदर्शक
–तिब्बति भाषा सहायक
मल पुरोहित
संस्कृत सहायक

उपसमूह
१. रा.प.तृतीय श्रेणीमा रहने पद
शाखा अधिकृत

पुस्तकालय सहायक (हिन्दी)
पुस्तकालय सहायक (नेपाली)
पुस्तकालय सहायक (रचना)
पुस्तकालय सहायक (अंग्रेजी)

४. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद
काउण्टर सहायक

५. रा.प.अनं. तृतीय श्रेणीमा रहने पद
सहायक पथ प्रदर्शक



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

च) सामाजिक शिक्षा
उपसमूह
पाठ्यक्रम अधिकृत
तालीम अधिकृत
प्रशिक्षक
प्राविधिक अधिकृत

छ) व्यवसायिक शिक्षा
उपसमूह
पाठ्यक्रम अधिकृत

ज) शारिरीक शिक्षा
उपसमूह
प्रशिक्षक

झ) निरीक्षण
उपसमूह
शाखा अधिकृत
विद्यालय निरीक्षक
योजना अधिकृत
उत्पादन प्रमुख
सम्पादक
लेखक तथा सम्बादक
सम्बादक अधिकृत
मूल्याङ्कन अधिकत
अनुसन्धान अधिकृत
प्रशिक्षक
प्राविधिक अधिःकृत
प्रकाशन अधिकृत
तालीम अधिकृत

४. रा.प.अनं. प्रथम श्रेणीमा रहने पद

ख) प्रेस इञ्जिनियर उपसमूह

१. रा.प. तृतीय श्रेणीमा रहने पद
मर्मत तथा सम्भार अधिकृत

२. रा.प.अनं. प्रथम श्रेणीमा रहने पद
सिनियर मेकानिक्स

३. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद
मेकानिक्स

आर्टिष्ट
–आर्टिष्ट कम काष्ठमोडलर
–काष्ठकला सहायक
–सहायक इलेष्ट्रेटर
–सहायक डिजाइनर
–मोडल कम आर्टिष्ट

३. रा.प.अनं. तृतीय श्रेणीमा रहने पद
पेण्टर

लिपि सहायक
–प्राविधिक सहायक

३. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद
सहायक गाइड
क्षेत्र सहायक
सहायक पुरोहित
साम्वेदी
भण्डारे
सहायक खुदाइ
निरीक्षक
–प्राविधिक सहायक

४. रा.प.अनं. तृतीय श्रेणीमा रहने पद
ग्यालरी गार्ड
लिपि सहायक
लेखक
सुसारे
गहना कलश मोल्ने

५. रा.प.अन.चतुर्थ श्रेणीमा रहने पद
सिकर्मी

१. रा.प.तृतीय श्रेणीमा रहने पद
कला कृती संग्रह अधिकृत
–संग्रहालय अधिकृत
–सहायक निर्देशक

२. रा.प.अनं. प्रथम श्रेणीमा रहने पद
क्रोनोलजिष्ट
फिलाटेलिक्स
टेक्सीडर्मिष्ट
प्राविधिक सहायक

कार्यालय प्रमुख (क्षेत्रीय संग्रहालय)
भण्डारे

३. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद
–सहायक टेक्सीडर्मिष्ट
सहायक क्रोनोलजिष्ट

क) कर्मचारी परीक्षण तथा मूल्याङ्कन



६६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क) निरीक्षण उपसमूह
प्राविधिक सहायक
प्रोड्यूसर

पदमाक्ष
नारायण पुजारी

ग) संग्रहालय
उपसमूह
१. रा.प. तृतीय श्रेणीमा रहने पद
कला कृती संग्रह अधिकृत
संग्रहालय अधिकृत
–सहायक निर्देशक
२. रा.प.अनं.प्रथम श्रेणीमा रहने पद
क्रोनोलजिष्ट
फिलाटेलिक्स
टेक्सोडर्मिष्ट
प्राविधिक सहायक
कार्यालय प्रमुख (क्षेत्रीय संग्रहालय)
भण्डारे
३. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद
सहायक टेक्सीडर्मिष्ट
सहायक क्रोनोलजिष्ट
सिकर्मी

उपसमूह
१. रा.प.प्रथम श्रेणीमा रहने पद
मुख्य मनोविज्ञानवेत्ता



६६२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल नियमावलीको अनुसुची-३ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) सेवाका समूह तथा उपसमूहमा रहने राजपत्र अनंकित पदहरूको लागि सेवा प्रवेशको लागि न्यूनतम शैशिक योग्यता ।

| क्र.सं. | समूह, उपसमूह | पद | शैशिक योग्यताको विषय र स्तर |
|---|---|---|---|
| १. | राजपत्र अनंकित प्रथम श्रेणी | | |
| | क) अध्यापन समूह<br>माध्यमिक शिक्षा उपसमूह | सिभिल माष्टर | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण वा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम प्राप्त । |
| | ख) शिक्षा प्रशासन समूह<br>निरीक्षण उपसमूह | १. प्राविधिक सहायक<br>२. प्रोड्यूसर | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण । |
| | ग) मुद्रण व्यवस्थापन समूह<br>१) प्रेस इन्जिनीयरिङ्ग उपसमूह | सिनियर मेकानिक्स | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी प्रेस मेशिन जडान तथा मर्मत सम्बन्धी ५ महिनाको तालीम वा प्रेस मेशिन जडान तथा मर्मत सम्बन्धी २ वर्षको अनुभव । |
| | २) मुद्रण व्यवस्थापन उपसमूह | १. सिनियर फोटो टाइप सेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी फोटो कम्पोज मेशिन र कम्प्यूटर सञ्चालन सम्बन्धमा मान्यता प्राप्त संस्थाबाट घटीमा ५ महिनाको तालीम प्राप्त वा उक्त कार्यमा दुई वर्षको अनुभव । |



मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| २. सिनियर प्रेस म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी लेटर प्रेस सम्बन्धी मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम प्राप्त वा लेटर प्रेस सम्बन्धी २ वर्षको अनुभव । |
| ३. सिनियर अपसेट प्रेस म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी अपसेट प्रेस सम्बन्धी मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| ४. सिनियर मोनो टाइप अपरेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी मोनोटाइपमा मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| ५. सिनियर प्लेट मेकर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी प्लेट मेकिङ्ग सम्बन्धी मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| ६. सिनियर कम्पोजिटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्पोजिटरमा |

468



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | ७. सिनियर बुक बाइण्डर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी बुक बाइण्डिङ्ग सम्बन्धी मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | ८. सहायक इष्टिमेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्रमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भई छपाई सम्बन्धी इष्टिमेटमा मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा छपाई सम्बन्धी इष्टिमेटमा दुई वर्षको अनुभव । |
| | ९. सिनियर प्रुफ रिडर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी प्रुफ रिडिङ सम्बन्धी ५ महिनाको तालीम वा उक्तकार्यमा दुई वर्षको अनुभव । |
| घ) कला समूह<br>१) चित्रकला उपसमूह | १. धातुकला सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूर्तिकलासम्बन्धी विषय लिई आई.एफ.ए. वा सो सरह उत्तीर्ण वा प्रमाणपत्रतह उत्तीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा तालीम प्राप्त । |
| | २. मृतिका सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूर्तिकला सम्बन्धी विषय लिई आई.एफ.ए.वा सो सरह उत्तीर्ण |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | वा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटीमा १ महिनाको तालीम प्राप्त । |
| ३. प्रस्तरकला सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूर्तिकला सम्बन्धी विषय लिई आ.एफ.ए. वा सो सरह उत्तीर्ण वा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटीमा १ महिनाको तालीम प्राप्त । |
| ४. आर्टिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट चित्रकलामा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ५. आर्टिष्ट कम काष्ठ मोडलर | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूर्तिकलामा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ६. सहायक इलस्ट्रेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट चित्रकला विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ७. सहायक डिजाईनर | मान्यता प्राप्त शिक्षण संस्थाबाट चित्रकला वा मूर्तिकला विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ८. काष्ठकला सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट काष्ठकला विषय लिइ आई.एफ. ए,. वा सो सरह उत्तीर्ण वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी काष्ठकला सम्बन्धी घटीमा ५महिनाको संस्थागत तालीम प्राप्त । |

६६५



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | ६. मोडेल कम आर्टिष्ट | चित्रकला विषयमा प्रमाणपत्र तह उत्तीर्ण वा प्रमाणपत्र तह उत्तीर्ण गरी कला सम्बन्धी १ वर्षको तालीम प्राप्त । |
| २) छविकला उपसमूह | १. सहायक छविकला | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उतीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटीमा ५ महीनाको तालीम प्राप्त । |
| | २. क्यामेरा म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी फोटोग्राफी वा भिडियो क्यामेरा सञ्चालनमा घटीमा १ महिनाको तालीम प्राप्त । |
| | ३. माइक्रो फिल्मिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भइ माइक्रोफिल्म वा प्रोग्राफी सम्बन्धी घटीमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव प्राप्त । |
| | ४. रिप्रोग्राफर | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा प्रमाणपत्र उत्तीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटीमा ५ महिनाको तालीम प्राप्त |
| ङ) पुरातत्व समूह<br>१) पुरापत्व उपसमूह | १. अनुसन्धान सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृती विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | लिपि सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | भई नेपालको प्राचीन लिच्छवी तथा नेवारी लिपिहरु लेख्न पढ्न सक्ने । |
| | ३. सहायक पथ प्रदर्शक | मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास वा संस्कृति विषय लिइ स्नातक वा सो सरह उत्तीर्ण गरेको वा आई.ए. पास गरी फ्रेन्च, जर्मन, जापानिज, इटालियन, स्पेनिश भाषामध्ये कुनै एक भाषाको प्रमाण पत्र प्राप्त। |
| | ४. संस्कृत सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत विषय लिइ स्नातक वा सो सरह उत्तीर्ण । |
| | ५. तिब्बती भाषा सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण भई तिब्बती भाषाको ज्ञान भएको । |
| | ६. मूल पुरोहित | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृततर्फ कर्मकाण्ड विषय लिइ प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा कर्मकाण्ड सम्बन्धी घटीमा १ महिनाको तालीम लिएको । |
| | ७. प्राविधिक सहायक | पुरातत्वमा स्नातक वा इतिहास र संस्कृति मूल विषय लिइ स्नातक वा सो सरह उत्तीर्ण । |
| २) संग्राहलय उपसमूह | १. क्रोनोलजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृति वा इतिहासमा स्नातक वा सो सरह वा संस्कृति वा इतिहासमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भइ सम्बन्धित विषयमा ५ महिनाको तालीम प्राप्त वा सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव । |

६७८



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | २. फिलाटेलिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरी फिलाटेलि विषयमा घटीमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव। |
| | ३. टेक्सीडर्मिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरी टेक्सिडर्मी सम्बन्धी विषयमा घटीमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव। |
| | ४. प्राविधिक सहायक | इतिहास र संस्कृति मूल विषय लिइ स्नातक वा आइ.ए. उत्तीर्ण भई नेपाली पुरातात्विक मुद्रा सम्बन्धी काममा २ वर्षको अनुभव। |
| | ५. कार्यालय प्रमुख (क्षेत्रीय संग्रहालय) | संग्रहालय विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण वा इतिहास र संस्कृतिमा स्नातक तह उत्तीर्ण वा प्रमाणपत्र तह उत्तीर्ण गरी संग्रहालय सम्बन्धी तालीम प्राप्त। |
| | ६. भण्डारे | इतिहास र संस्कृति विषयमा स्नातक वा सो सहर उत्तीर्ण। |
| च) पुस्तकालय विज्ञान समूह | १ पुस्तकालय सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा प्रमाणपत्र तह वा कुनै विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भइ घटीमा एक महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालीम। |
| | २. संस्कृत सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत विषय लिइ स्नातक वा सो सरह उत्तीर्ण। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | ३ रिफरेन्स तथा एक्वीजिसन सहायक | पुस्तकालय विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण वा प्रमाण पत्र तह उत्तीर्ण गरी पुस्तकालय विज्ञानमा घटीमा एक महिनाको संस्थागत तालिम। |
| | ४ पुस्तकालय सहायक (हिन्दी) | हिन्दी विषय लिइ स्नातक वा सो सरह उत्तीर्ण वा हिन्दी विषय लिइ प्रमाण तह उत्तीर्ण भै घटीमा एक महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालीम। |
| | ५ पुस्तकालय सहायक (नेपाली) | नेपाली विषय लिइ स्नातक वा सो सरह उत्तीर्ण वा नेपाली विषय लिई प्रमाण पत्र तह उत्तीर्ण भै घटीमा एक महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालीम। |
| | ६ पुस्तकालय सहायक (रचना) | साहित्य विषय लिइ स्नातक वा सो सरह उत्तीर्ण वा साहित्य विषय लिइ प्रमाण पत्र तह उत्तीर्ण भै घटीमा एक महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालिम। |
| | ७ पुस्तकालय सहायक (अंग्रेजी) | अंग्रेजी विषय लिई स्नातक वा सो सरह उत्तीर्ण वा अंग्रेजी विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण भै घटीमा एक महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालिम। |
| २. राजपत्र अनंकित द्वितीय श्रेणी<br>क) अध्यापन समूह<br>माध्यमिक शिक्षा उपसमूह | सिभिल मास्टर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण भै दश महिने शिक्षक तालिम प्राप्त। |

मुद्रण विभाग, सिंहदरबार

६८०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ख) मुद्रण व्यवस्थापन समूह<br>१) प्रेस इञ्जिनियरिङ्ग उप समूह | मेकानिक्स | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी प्रेस मेशिन जडान तथा मर्मतमा पाँच महिनाको तालिम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| २) मुद्रण व्यवस्थापन उपसमूह | १ प्लेट मेकर | मान्यात प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी प्लेट मेकिङ्गसम्बन्धमा पाँच महिनाको तालिम वा प्लेटमेकिङ्ग सम्बन्धी दुई वर्षको अनुभव । |
| | २ फोटो टाइप सेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी फोटो कम्पोज र कम्प्युटरमा ५ महिनाको तालीम वा २ वर्षको अनुभव । |
| | ३. लेटर प्रेस म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी ५ महिनाको लेटर प्रेस सम्बन्धि तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | ४. अपसेट प्रेस म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह-उत्तीर्ण गरी अपसेट प्रेसमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव। |
| | ५. मोनोटाइप अपरेटर | मान्यता प्राप्त शिक्षण संस्था बाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई मोनोटाइप अपरेशनमा ५ महिनाको तालीम वा |

६८१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | ६. फर्नेश अपरेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण भई मोनोटाइप मेशिनमा सिसा पगाल्ने कार्यमा २ वर्षको अनुभव । |
| | ७. कम्पोजिटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस एल.सी. वा सो सरह उत्तीर्ण भई कम्पोज सम्बन्धमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | ८. बुकबाइण्डर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी बुक बाइण्डिङ्ग सम्बन्धमा ५ महिनाको तालीम वा बुक बाइण्डिङ्ग सम्बन्धी २ वर्षको अनुभव । |
| | ९. प्रुफ रिडर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी प्रुफ रिडिङ्ग सम्बन्धमा ५ महिनाको तालीम वा प्रुफ रिडिङ्ग सम्बन्धी २ वर्षको अनुभव । |
| ग) कला समूह छविकला उपसमूह | १. डार्करुम असिस्टेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई फोटो ग्राफी सम्बन्धी विषयमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |

मुद्रण विभाग, सिंहदरबार

८८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | २. सहायक फोटोग्राफर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटीमा १ महिनाको तालीम प्राप्त । |
| घ) पुरातत्व समूह<br>१) पुरातत्व उपसमूह | १. क्षेत्र सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई सम्बन्धित विषको घटीमा ५ महिनाकोतालीम वा कार्य विवरण संग सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | २. सहायक खुदाई निरीक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई सम्बन्धित विषको घटीमा ५ महिनाको तालीम वा कार्यविवरण संग सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | ३. भण्डारे | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई निरीक्षण सम्बन्धी विषयमा घटीमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | ४. सहायक गाइड | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र गाइड तालीम प्राप्त । |
| | ५. सिकर्मी | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई मान्यता प्राम्त |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | संस्थाबाट काष्टकला विषयको तालीम लिएको वा दशम कक्षा उत्तीर्ण भई प्राविधिक तथा व्यवसायिक तालीम परिषद्को मान्यता प्राप्त संस्थाबाट टेक्निकल एस. एल. सी सम्बन्धी तीन महिनाको तालीम लिएको। |
| | ६. सहायक पुरोहित | मान्यता प्राप्त शिक्षण संस्थाबाट कर्मकाण्ड विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण। |
| | ७. साम्वेदी | मान्यता प्राप्त शिक्षण संस्थाबाट वेद विषय लिइ एस. एल. सी. वा सो सरह उत्तीर्ण। |
| | ८. प्राविधिक सहायक | इतिहास र संस्कृति मूल विषय लिई प्रमाणपत्र वा सो सरह उत्तीर्ण। |
| २) संग्रहालय उपसमूह | १. सहायक क्रोनोलजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास वा संस्कृति विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा एस. एल सी. उत्तीर्ण भै क्रोनोलजी विषयमा ६ महिनाको तालिम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव |
| | २. सहायक टेक्सिडर्मिट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण भई सम्बन्धित विषयमा घटीमा ५ महिनाको तालिम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ङ) पुस्तकलय विज्ञान समूह | १. काउण्टर सहायक | प्रवेशिका परीक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा ज्ञान प्राप्त भएको । |
| ३) रा.प. अनं तृतीय श्रेणी<br>क) मुद्रण व्यवस्थापन समूह<br>१) मुद्रण व्यवस्थापन उपसमह | १. जुनियर प्रेस म्यान | सम्बन्धित विषयको तालिमको प्रमाणपत्र हुनेलाई सो र नहुनेलाई सम्बन्धित कामको दुइ वर्षको अनुभव । |
| ख) कला समूह<br>१) चित्रकला उपसमूह | १. पेन्टर | सम्बन्धित विषयको तालिमको प्रमाणपत्र वा दशम कक्षा उत्तीर्ण भई सम्बन्धित विषयमा २ वर्षको अनुभव । |
| ग) पुरातत्त्व समूह<br>१) पुरातत्त्व उपसमूह | १. ग्यालरी गार्ड | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण वा दशौं कक्षा उत्तीर्ण भै एन. सी. सी. तालिम प्राप्त वा सैनिक वा प्रहरी क्षेत्रमा २ वर्षको अनुभव । |
| | २. लिपी सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशौं कक्षा उत्तीर्ण र हस्तलिपि राम्रो भएको । |
| | ३. लेखक | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशौं कक्षा उत्तीर्ण । |
| | ४. मुसारे | दशौं कक्षा उत्तीर्ण गरी सम्बन्धित काममा अनुभवी । |
| | ५. गहना कलश मोल्ने | दमश कक्षा उत्तीर्ण गरी सम्बन्धित काममा अनुभवी । |
| घ) पुस्तकालय विज्ञान समूह | १. सहायक पथ प्रदर्शक | दशम कक्षा उत्तीर्ण गरी पथ प्रदर्शन सम्बन्धि ज्ञान भएको । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ४) रा.प. अनं. चतुर्थ श्रेणी<br>क) पुरातत्त्व समूह<br>१) पुरातत्त्व उपसमूह | १. पदमाक्ष<br>नारायण<br>पुजारी | आठ कक्षा उत्तीर्ण गरी सम्बन्धित<br>काममा अनुभवी । |

आज्ञाले,
जयराम गिरी
का. मु. विशेष सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल बैंक लिमिटेडमा श्री ५ को सरकारको लगानी भएको शेयरमध्ये पाँच प्रतिशत अर्थात रू. ७४,८३,७२५।- ( रू. १००।- दरको ७४,८३७ थान शेयर) मिति २०५३।४।१९ देखि २०५३।७।१८ सम्मको शेयर बजार-को कारोवार मूल्यको औसत मूल्यलाई न्यूनतम मूल्य कायम गरी एकमुष्ट रूपमा बिक्री गर्ने निर्णय गरेकोले निजीकरण ऐन, २०५० को दफा ६ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
रामबिनोद भट्टराई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## जलस्रोत मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले मिति २०५३।७।१६ को निर्णयानुसार देहायका व्यक्तिलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोलोजी उपसमूह राजपत्रांकित तृतीय श्रेणीको पदमा बढुवा गरी देहायबमोजिम पदस्थापना गरेको छ ।

| क्र. सं. | नाम, थर | पदस्थापना गरेको कार्यालय |
|---|---|---|
| १. | श्री नवराज अधिकारी | कर्णाली पश्चिम राप्ती बेसीन कार्यालय, सुर्खेत । |

## सूचना २

श्री ५ को सरकारले मिति २०५३।७।१६ को निर्णयानुसार देहायका व्यक्तिलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूह, हाइड्रोलोजी उपसमूह राजपत्राङ्कित तृतीय श्रेणीको पदमा १ वर्षको परीक्षण कालमा रहने गरी देहाय बमोजिम पदस्थापना गरिएको छ ।

| क्र.सं. | नाम, थर | पदस्थापना गरेको कार्यालय |
|---|---|---|
| १. | श्री खडानन्द दुलाल | जल तथा मौसम विज्ञान विभाग |
| २. | श्री विजयकुमार पोखरेल | जल तथा मौसम विज्ञान विभाग |
| ३. | श्री रामगोपाल खर्बुजा | जल तथा मौसम विज्ञान विभाग |
| ४. | श्री माधवप्रसाद श्रेष्ठ | नारायणी बेसीन कार्यालय, पोखरा |
| ५. | श्री दुर्गालाल श्रेष्ठ | कर्णाली पश्चिम राप्ती बेसीन कार्यालय, सुर्खेत । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले मिति २०५३।७।१६ को निर्णयानुसार देहायका व्यक्तिलाई नेपाल इन्जिनियरिङ्ग सेवा, जियोलोजी समूह, इन्जिनियरिङ्ग जियोलोजी उपसमूह राजपत्रांकित तृतीय श्रेणीको पदमा १ वर्षको परिक्षणकालमा रहने गरी देहायबमोजिम पदस्थापना गरिएको छ ।

| क्र. सं. | नाम, थर | पदस्थापना गरेको कार्यालय |
|---|---|---|
| १. | श्री खिलानाथ दाहाल | सिंचाई विभाग, पानीपोखरी । |
| २. | श्री चूर्णबहादुर ओली | सिंचाई विभाग, आयोजना कार्यान्वयन समूह । |

आज्ञाले,
डा. द्वारिकानाथ ढुङ्गेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ नयाँ दिल्लीमा हुने परराष्ट्र मन्त्रीस्तरको सार्क मन्त्रिपरिषद्को सत्रौं बैठकको सन्दर्भ तथा परराष्ट्र सचिव स्तरको सार्क स्थायी समितिको बाईसौं बैठकमा भागलिन त्यसतर्फ जानु भएकोले सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री कुमारप्रसाद ज्ञवालीलाई मिति २०५३।८।३० गतेदेखि कायम मुकायम मुकरर गर्दको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव

ECC



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।